# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं

## अन्तिम नतिजा प्रकाशन तथा नियुक्तिका लागि सम्पर्क राख्न आउनेसम्बन्धी सूचना

(प्रकाशित मितिः-२०८३।०१।०७)

यस कम्पनीको रिक्त पद पूर्ति गर्ने सम्बन्धमा प्रकाशित तपसिलका विज्ञापन नम्बरका आ.प्र., खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सम्बन्धमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताको औषत अङ्क समेतको कूल योगको आधारमा स्थायी नियुक्तिको लागि सिफारिस गर्ने गरी पदपूर्ति समितिबाट निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त नतिजा कम्पनीको प्रधान कार्यालय भद्रकाली प्लाजा, काठमाडौंको सूचनापाटी र Websites:www.fmtc.org.np मा हेर्न सकिनेछ। प्रकाशित नतिजाबाट स्थायी नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुले सिफारिस भएको मितिले १५ दिनभित्र निरोगिताको प्रमाणपत्र सहित नियुक्तिको लागि कम्पनीको मानव संसाधन विभाग, प्रधान कार्यालय, भद्रकाली प्लाजा, काठमाडौंमा सम्पर्क राख्न आउनु हुन सूचित गरिन्छ। उक्त मिति भित्र सम्पर्क राख्न नआएमा कम्पनीको कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिल

| क.सं. | विज्ञापन नं. | पद/तह | सेवा | समूह | पदपूर्ति समितिको निर्णय |
|---|---|---|---|---|---|
| १. | ९/०८१-०८२(आ.प्र.) | अधिकृत, (तह-६) | प्रशासन | सा.प्रशासन | मिति २०८३।१।५ |
| २. | १८/०८१-०८२(खुला तथा समावेशी) | अधिकृत, (तह-६) | प्रशासन | सा.प्रशासन | मिति २०८३।१।५ |
| ३. | १९/०८१-०८२(खुला र महिला) | अधिकृत, (तह-६) | प्रशासन | लेखा | मिति २०८३।१।६ |
| ४. | २०/०८१-०८२(महिला) | अधिकृत, ( मिल मेकानिक्स, तह-६) | प्राविधिक | मेकानिकल | मिति २०८३।१।६ |
| ५. | २१/०८१-०८२(खुला) | अधिकृत, (तथ्याङ्क, तह-६) | विविध | तथ्याङ्क | मिति २०८३।१।६ |

२०८३/०१/०६

सदस्य सचिव

पदपूर्ति समिति